विदुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बागमती प्रदेश, नेपाल

प.सं.: ०७८/०७९
च.नं. :

☎ ०१०-५६००६३
☎ ०१०-५६०४६९


# विदुर नगरपालिकाद्वारा जारी श्वेत पत्र

## आदरणीय नगरबासी दिदी बहिनी तथा दाजु भाईहरु,

मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात समपन्न भएको स्थानीय तहको दोस्रो निर्वाचनमा हामीलाइ अमुल्य मतदान गरी नगर प्रमुख, उपप्रमुख, वडा अध्यक्ष तथा सदस्यहरुलाई विजयी गराई विदुर नगरपालिकाको स्थानीय सरकार संचालन गर्ने जिम्मेवारी प्रदान गर्नुभएकोमा सम्पूर्ण मतदाता लगायत शुभेच्छुकहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छौं।साथै भविष्यमा पनि यहाँहरुको साथ, सहयोग को अपेक्षा गर्दै निरन्तर मार्गदर्शन र खवरदारी पनि हुनेछ भन्ने समेत अपेक्षा गर्दछौं ।

## आदरणीय नगरबासी दिदी बहिनी तथा दाजु भाईहरु,

आगामी पाँच वर्षका लागि हजुरहरुले नगरपालिकाको सर्वाङ्गीण विकास गर्ने, नगरवासीको हित र भलाईमा कार्य गर्ने, नगरवासीका ईच्छा र आकांक्षाहरुको सम्बोधन गर्ने, सम्पूर्ण नगरको समानुपातिक, समन्यायिक र समुचित तरिकाले विकास गर्ने साथै नगरपालिकामा सुशासन कायम गर्दै गुणस्तरिय र सेवाग्राही र नगरवासीमैत्री सेवा प्रवाहमा समेत हामी प्रतिबद्ध छौं।संघीय सरकार, प्रदेश सरकार, स्थानीय तहका राजनैतिक संयन्त्र, विभिन्न सरकारी र गैरसरकारी निकाय, वुद्धिजिवी तथा नागरिक समाज संग सहकार्य, समन्वय र साझेदारी गर्दै हामी अगाडी बढ्ने छौं। जुनसुकै दलबाट निर्वाचित भएर आएतापनि हामी सबैको साझा बनेर दलिय हिसाबमा पक्षपात नगरी सबैलाई समान व्यवहार गर्ने समेत प्रतिवद्धता गर्न चाहन्छौं ।

## आदरणीय नगरबासी दिदी बहिनी तथा दाजु भाईहरु,

नेपालको संविधान एवं स्थानीय सरकार संचालन ऐन बमोजिम आगामी असार १० गतेभित्र स्थानीय सरकारका नीति तथा कार्यक्रम नगरसभामा पेश गरिसक्नुपर्ने भएकोले पुर्ववर्ती स्थानीय सरकारका पालामा नगरपालिकाभित्र भए गरेका सम्पूर्ण गतिविधिहरुका वारेमा जानकारी लिई हामीले कार्यभार सम्हाल्दाका बखतको सम्पूर्ण अवस्थाका बारेमा यसै श्वेतपत्रमार्फत समयमानै जानकारी गराउनु हाम्रो कर्तव्य हुन आँउछ।यसैले हामीले छोटो समयमानै नगरपालिकाको स्थायी संयन्त्रमार्फत पाएको जानकारीका आधारमा नगरपालिकाको आर्थिक अवस्था सुखद मान्न सकिदैन। जसलाई हामी यहाँ प्रस्तुत गर्न चाहन्छौं ।

विदुर नगरपालिकाको कुल बजेट (संसोधन सहित) रु.१,४१,३६,९६,२०० (एक अरब एकचालिस करोड छत्तीसि लाख छयानब्बे हजार दुई सय रुपैया) रहेकोमा जेठ मसान्तसम्म रु.९२,४७,१०,५६५ (बयानब्बे



राजन श्रेष्ठ
नगर प्रमुख

प.सं.: ०७८/०७९
च.नं. :

☎ ०१०-५६००६३
☎ ०१०-५६०४६९


करोड सठ्चालिस लाख दश हजार पाँच सय पैसठ्ठी रुपैया) मात्र आम्दानी भएको छ। जसमध्ये संघीय सरकार र प्रदेश सरकारबाट आउनुपर्ने सम्पूर्ण रकमहरु आम्दानी भैसकेको छ। आम्दानी भन्दा बजेट ठुलो बनाँउदा नगरपालिकाको ठुलो रकम भुक्तानी हुन सकेको छैन जुन नगरपालिकाको दायित्व रहेको देखिन्छ । नगरपालिकासंग हालसम्म रु.५७,७५,००,००० (सन्ताउन्न करोड पचहत्तर लाख रुपैया) दायित्व रहेको छ। जसमध्ये नगरपालिकाबाट आधा रकम भुक्तानी भएको र आधा दायित्व रु. २,०६,००,००० (दुइ करोड छ लाख), लेखा शाखामा भुक्तानी हुन बाँकी उपभोक्ता समितिका फाईलहरु रु. ५,३९,००,००० (पाँच करोड उनान्चालिस लाख), नगरपालिकाको तलब भत्ता र प्रशासनिक खर्च रु. २,००,००,००० (दुई करोड), ठेक्का भएका कामहरुको दायित्व रु. २२,१६,००,००० (बाईस करोड सोह्र लाख), ठेक्का खोल्न बाँकी रु. २०,ण्ण,ण्ण,ण्ण्ण (विस करोड) (लागत अनुमान) र महिला स्वास्थ्य स्वयंसेविका, स्वयंसेवक शिक्षक र विषयगत शाखाको कार्यक्रमको रु. २,ण्ण,ण्ण,ण्ण्ण (दुई करोड) र मुल्यांकन हुन बाँकी कामहरुको रु. ४,५०,ण्ण,ण्ण्ण (चार करोड पचास लाख) रहेको छ। दायित्व मध्ये यो आर्थिक वर्षमा अधिकतम जम्मा रु. ५००००००० (पाँच करोड)।यो रकमको दायित्व भनेको निकै ठुलो दायित्व हो र पुर्ववर्ती स्थानीय सरकारका पालामा देहायअनुसार भएकोले यति ठुलो व्ययभार रहन गरेको देखिन्छ ।

- *मिति २०७८ वैशाख १० गते रु.१,१२,६९,४२,०००।- (एक अर्ब बाह्र करोड उनन्साठ्ठी लाख बयालिस हजार रुपैंया मात्र) बजेट निर्णय भएकोमा मिति २०७८ वैशाख १२ मा अकास्मात १,३८,९७,८५,२००।- (एक अर्ब अठ्तीस करोड सन्तान्नब्बे लाख पचासी हजार दुई सय रुपैंया मात्र) निर्णय गरियो ।*

१. श्रोत को सुनिश्चितता नभई बोलपत्र आव्हान गरी ठेक्का पट्टा गरिएको।उपभोक्तालाई समेत रकम सुनिश्चित नभएको कामहरु लगाईएको ।

२. श्रोतले धान्नै नसक्ने गरी कर्मचारीहरु भर्ना गरिएको। नगरपालिकामा अनावश्यक रुपमा कर्मचारी भर्ना गर्दा आर्थिक भार पर्न गएको ।

३. पटक पटक रकमान्तर गरिएको।ठेक्काबाट घट भएको रकमको नयाँ योजना विनियोजन नगर्ने भनिएतापनि ठेक्का बाट घटेको रकमको समेत योजना बाँडफाँड गरिएको ।

४. वजेटलाई ढिक्कामा राखेर तोक आदेशको आधारमा थुप्रै योजना बाँडिएको ।

५. खर्चमा मितव्ययीता अपनाउन नसकेको साथै खर्च सार्वजनिकीकरण नगरेको पारदर्शी नबनेको ।



राजन श्रेष्ठ
नगर प्रमुख

६. नीति अनुसार काम नगरेको। उपभोक्तालाई दिनै नमिल्ने करोडौं रुपैयाका कामहरु समेत उपभोक्ता समितिबाट गराईएको। नगरको बार्षिक बजेट तथा कार्यक्रममा नभएका कामहरु समेत गराएको ।

७. हचुवा र हुनै नसक्ने किसिमका आम्दानी अनुमान गरिएको जस्तै बैंक मौज्दात रु. ११४०६०००० ( एघार करोड चालिस लाख साठी हजार) राखिएको तर बैकमा मौज्दात रु. २१७००००० (दुई करोड सत्र लाख) रहेको यो श्रोतमा मात्र रु.९२३६०००० (नौ करोड तेइस लाख साठी हजार) रकम घाटा रहेको, त्यस्तै आन्तरिक श्रोतको आय अनुमान नै रु. १६२७००००० (सोह्र करोड सत्ताईस लाख) राखिएको र हालसम्म जम्मा ४०००००००० (चार करोड) मात्र आम्दानी भएको र रु. १२२७००००० ( बाह्र करोड सत्ताईस लाख) घाटा रहेको, त्यस्तै मिति २०७८ साल असाढ ०७ गते रु.८०००००००० ( आठ करोड) को बोलपत्र आह्वान भएको र त्यसमा पनि ४०% रकम प्रदेश सरकारलाई फिर्ता गर्नुपर्नेमा ढुङ्गा गिट्टी बालुवाको बिक्रीबाट हुने आय अनुमान रु. १६९४००००० (सोह्र करोड चौरानब्बे लाख) रहेको र हालसम्म रु. ३०००००००० (तिन करोड) आम्दानी भएको र यसमा रु. १३९४००००० (तेह्र करोड चौरानब्बे लाख) घाटा रहेको, अन्य आय रु. १०००००००० (एक करोड) मा आम्दानी नै नभएको, विद्युत रोयाल्टीमा आय अनुमान रु. ६०००००००० (छ करोड) रहेकोमा रु. ३५६००००० (तिन करोड छपन्न लाख) मात्र आम्दानी भएको, घरजग्गा रजिष्ट्रेसन शुल्कबाट रु. ५०००००००० (पाँच करोड) आय अनुमान गरिएकोमा हालसम्म रु.३१७००००० (तिन करोड सत्र लाख) मात्र आम्दानी भएको देखिएको ।

अब हाम्रो आगामी लक्ष्य र प्रतिवद्धता देहायअनुसार हुनेछन्

१. नगरपालिकाले तिर्नुपर्ने बाँकी नियमसंगत रकम तथा दायित्वलाई आन्तरिक श्रोतले मात्र धान्न नसकेमा संघीय तथा प्रादेशिक सरकार संग समेत समन्वय गर्ने।ठेक्का भएका योजनाहरुलाई प्राथमिकताका आधारमा निरन्तरता दिने ।

२. पुर्ववर्ती स्थानीय सरकारले अलपत्र छाडेका र पुरा नभएका योजनाहरुलाई रकम विनियोजन गरी पुरा गर्ने ।

३. पुर्ववर्ती स्थानीय सरकारका असल काम र अभ्यासहरुलाई अनुसरण गर्दै नीतिप्रति प्रतिवद्ध रही कार्य गर्ने ।

४. भुक्तानी हुन नसकेका उपभोक्ता समितिका कामहरुको रकम आम्दानी भएसंगै क्रमैसँग भुक्तानी गर्दै लैजाने ।



शंजन श्रेष्ठ
नगर प्रमुख

५. बोझिलो कर्मचारी संगठनलाई छरितो बनाउने। अनावश्यक कर्मचारी कटौती गर्ने सकभर थोरै कर्मचारीबाट धेरै कार्यसम्पादन गर्ने वातावरण मिलाउने ।

६. भ्रष्ट्राचारमा शुन्य सहनसिलताको नीति अबलम्बन गरिनेछ ।

७. नगरपालिकाभित्रका अनियमितताको छानबिन गरी दोषि पाईएमा कारवाही गरिनेछ र सम्बन्धित निकायमा कारबाहीका लागि सिफारिस गरिनेछ ।

हाम्रा माथि उल्लेख गरिएका प्रतिबद्धता र लक्ष्यहरुलाई हाम्रो आगामी नीति तथा कार्यक्रममा पनि समावेश गर्नेछौं । आगामी वर्ष जनचाहना र हाम्रो प्रतिबद्धता अनुसार विकास निर्माणका कार्यक्रम संचालन गर्न चुनौती देखिएपनि सबैसंगको समन्वय, सहकार्य र साझेदारीबाट चुनौतीको सामना गर्दै जनहित एवं विकास निर्माणका काम गर्दै अघी वढी यस अभियानमा सम्पूर्ण नगरबासीहरु, नागरिक समाज, बुद्धिजिवी वर्ग, राजनैतिक नेतृत्व र आम संचार माध्यमको साथ र सहयोग हुनेछ भन्ने आश र अपेक्षा गरेका छौं ।

राजन श्रेष्ठ

नगर प्रमुख

मिति - २०७९ आषाढ ८